प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश,विराटनगर,नेपाल

पत्र संख्याः२०८०/०८१
चलानी नम्बरः- १२१

मितिः२०८०/०५/१५

श्री यातायात पूर्वाधार निर्देशनालय,ईटहरी,सुनसरी।
श्री पूर्वाधार विकास कार्यालय (सबै)।
श्री शहरी विकास तथा भवन कार्यालय (सबै)।

विषयःनिजामती सेवा दिवस मनाउने बारे।

उपर्युक्त सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,कोशी प्रदेश,विराटनगरको च.नं.२४७ मिति २०८०/०५/१३ को पत्रबाट प्राप्त कार्यक्रमहरु आयोजना गरी/कार्यक्रममा सहभागी भई यही मिति २०८० भाद्र २२ गते 'व्यवसायिक तथा सिर्जनशील प्रशासनःविकास,समृद्धि र सुशासन' भन्ने नाराका साथ निजामती सेवा दिवस,२०८० मनाउनु हुन अनुरोध छ।साथै प्राप्त कार्यक्रम कार्यतालिका (पाना-२)यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ।

२०८०/०५/१५
.................
रविन कार्की
अधिकृत सातौं

रविन कार्की
अधिकृत (सातौं)

प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल ।

फोन नं. ०२१-४७५१६६, ४७५१८९
फ्याक्स नं. ०२१-४७०१६१
ई-मेल: info.ocmcm@p1.gov.np
वेबसाईट: www.koshi.gov.np

प.सं.: २०७९/०८०
च.नं.: २४६

मितिः- २०८०/०५/१३

विषयः- निजामती सेवा दिवस, २०८० मनाउने सम्बन्धमा।

श्री प्रदेश सभा सचिवालय
कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश मन्त्रालय (सबै)
कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश लोक सेवा आयोग,
कोशी प्रदेश, विराटनगर।

श्री प्रदेश योजना आयोग
कोशी प्रदेश, विराटनगर।

प्रस्तुत विषयमा "व्यवसायिक तथा सिर्जनशिल प्रशासनः विकास समृद्धि र सुशासन" भन्ने नाराका साथ २०८० भदौ २२ गते निजामती सेवा दिवस मनाउने सम्बन्धमा प्रमुख सचिव डा. दिपक काफ्लेज्यूको अध्यक्षतामा बसेको बैठकले प्रदेशस्तरमा यसैसाथ संलग्न कार्यक्रमहरु आयोजना गरी निजामती सेवा दिवस, २०८० मनाउने निर्णय भएकोले उक्त निर्णयको प्रतिलिपि यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०८०/०५/१३

(दिनेश ढुङ्गाना)
अधिकृत सातौं

भौतिक पूर्वाधार विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर
दर्ता नं.: २८२
मिति: २०८०/५/१४

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

छलफलका निर्णयः-

निर्णय नं. १ निजामती सेवा दिवस, २०८० को अवसरमा "व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास समृद्धि र सुशासन" भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी व्यवस्थित र मर्यादित तवरले मनाउन प्रमुख सचिवको अध्यक्षतामा देहाय बमोजिम कोशी प्रदेश स्तरीय समारोह समिति गठन गर्ने।

निजामती सेवा दिवस,२०८० कोशी प्रदेश समारोह समिति

क) प्रमुख सचिव, कोशी प्रदेश सरकार -अध्यक्ष
ख) प्रदेश सचिवहरु (रा.प.प्रथम श्रेणी) सबै मन्त्रालय/आयोग/सचिवालय -सदस्य
ग) प्रमुख जिल्ला अधिकारी, मोरङ्ग - सदस्य
घ) प्रमुख प्रशासकिय अधिकृत, विराटनगर महानगरपालिका - सदस्य
ङ) प्रदेश तथा मोरङ्ग जिल्ला स्थित निजामती सेवाका क्रियासिल ट्रेड यूनियनका अध्यक्षहरु - सदस्य

निर्णय नं. २ मोरङ्ग जिल्ला बाहेकका कोशी प्रदेश मातहतका जिल्लास्थित कार्यालय तथा निकायहरुले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी निजामती सेवा दिवस मनाउने। मोरङ्ग जिल्लाभित्र रहेका कार्यालय तथा निकायहरुले कोशी प्रदेश समारोह समितिसँग समन्वय गरी निजामती सेवा दिवस मनाउने।

निर्णय नं. ३ २०८० साल भाद्र २२ गते विहान ७ बजे हुने अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथीको रुपमा माननीय मुख्यमन्त्रीज्यू लाई अनुरोध गर्ने।

निर्णय नं. ४ निजामती सेवा दिवस, २०८० मा देहाय बमोजिमका कार्यक्रमहरु आयोजना गरी मनाउनेः-

| सि. नं. | कार्क्रक्रम | मिति, समय र स्थान | कार्यक्रमको व्यवस्थापन गर्ने जिम्मेवारी |
|---|---|---|---|
| १ | रक्तदान कार्यक्रम | मितिः-२०८० भाद्र २१ गते<br>समयः-विहान ७ बजे<br>स्थानः नेपाल रेडक्रस सोसाईटी, रक्तसंचार केन्द्र, देवकोटा चौक, विराटनगर म.न.पा. | स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश |
| २ | कार्यालय सरसफाई र दिपावली | मितिः- २०८० भाद्र २२ गते समयः- विहान/बेलुका | सम्बन्धित सम्पूर्ण मन्त्रालय/सचिवालय/आयोग/कार्यालय तथा निकायहरु |
| ३ | व्यवसायिक र सिर्जनशिल प्रशासन विकास समृद्धि र सुशासन विषयक अन्तरक्रिया कार्यपत्र प्रस्तुति र अन्तरक्रिया कार्यक्रम | मितिः- २०८० भाद्र २२<br>समयः- विहान ७ बजे<br>स्थानः- विराटनगर महानगरपालिकाको सभाहल | विराटनगर महानगरपालिका<br><br>कार्यपत्र तयारी तथा प्रस्तुतीः- श्री सुरेश न्यौपाने, (प्रदेश सचिव)प्रदेश योजना आयोग |

२०८०/५/१२

प्रमुख सचिव